# मुलुकी देवानी संहिता

मुलुकी देवानी संहिता २०७४ साल असोज ९ गते पारित भएको हो। मुलुकी देवानी संहितासँगै मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनहरू पनि संसद् बाट पारित भएका हुन्। २०७४ साल असोज ३० गते प्रमाणीकरण भएका यी ऐनहरू २०७५ साल भाद्र १ गते देखि लागू भएका हुन्।

यी ऐनहरूले देशमा कानूनी व्यवस्था कायम राखी नैतिकता, शिष्टाचार, सदाचार र सुविधा कायम राख्ने साथै आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायिक व्यवस्था गरेर विभिन्न जातजाति, वर्ण र समुदायबीच सद्भावपूर्ण सम्बन्ध कायम राख्ने लक्ष्य लिएका छन्।

मुलुकी देवानी संहितामा ६ भाग र ७२१ दफाहरू छन्। ती सबै व्यवस्था मानवजीवन साथै उद्यमहरू र अरू सङ्गठनहरूका क्रियाकलापसँग धेरै नजिक छन्।

यसका केही प्रावधान मुलुकी ऐन र अरू कानूनबमोजिम छन् भने केही नयाँ प्रावधान अन्य देशका कानूनी प्रावधानहरूको अध्ययनबाट मिलाएर थपिएका छन्।

देवानी संहिताको भाग ६ मा निजी अन्तर्राष्ट्रिय कानूनसम्बन्धी व्यवस्था राखिएको छ। यसले नेपाली र विदेशी नागरिकबिचका सम्बन्ध, जस्तै विवाह, लेनदेन आदिका बारेमा र बहुराष्ट्रिय सम्बन्ध जोडिएका मामिलामा कस्ता कानूनको प्रयोग गर्ने भन्ने बारेमा व्यवस्था गरेको छ।

जापान सरकारले (जाईका मार्फत) सन् २००९ देखि नेपालको मुलुकी देवानी संहिता बनाउन सहयोग गरेको थियो। नेपाली कार्यदल सदस्यहरूले नेपाल र जापानमा धेरै छलफल गरेपछि यी कानूनी व्यवस्था यस ढाँचामा ल्याइएका हुन्। बेलाबेलामा श्रव्यदृश्य सञ्चारसाधनबाट पनि बैठकहरू भए जसमा जापानी कानून प्राध्यापकहरूसँग दफाबार छलफल गरिएको थियो। जापानी विज्ञहरूले सल्लाहकार समूहका सदस्यका रूपमा निरन्तर सल्लाह दिएका थिए।


# मुलुकी देवानी संहिता

२०७४




## देवानी संहिताका भागहरूभित्र केके छन् ?

### भाग १: प्रारम्भिक (परिचय)




यस भागमा संहिताका प्रावधानहरू सामान्य कानूनको रूपमा व्यवस्था गरिएका हुन् र कुनै विषयमा बेग्लै विशेष कानूनको व्यवस्था भएमा सोही ऐनको व्यवस्था लागू हुने गरी व्यवस्था गरिएको छ भन्ने कुरा स्पष्ट पारिएको छ। यस भागमा देवानी कानूनका सामान्य सिद्धान्त तथा नागरिक अधिकारसम्बन्धी व्यवस्थाहरू राखिएका छन् जस्तै प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने, कुनै आधारमा भेदभाव गर्न नपाइने, नगरिने, कानूनको अधीनमा रही प्रत्येक नागरिकलाई स्वतन्त्रता र अधिकार हुने, इत्यादि।



### भाग २: व्यक्ति सम्बन्धी कानून

यस भागमा प्राकृतिक तथा कानूनी व्यक्तिसम्बन्धी र प्राकृतिक व्यक्तिको दामासाहीसम्बन्धी व्यवस्थाहरु बारे लेखिएको छ।

### भाग ३: पारिवारिक कानून


यस भागमा विवाह, सम्बन्धविच्छेद, आमा, बाबु तथा छोराछोरीका सम्बन्ध, मातृक तथा पैत्रिक अख्तियारी, संरक्षकत्व, माथवर, धर्मपुत्र तथा धर्मपुत्री, अंशवण्डा तथा अपुतालीसम्बन्धी व्यवस्थाहरू राखिएका छन्।





नेपाल सरकार
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय
मुलुकी देवानी संहिता
Japan International Cooperation Agency JICA

### भाग ४: सम्पत्ति सम्बन्धी कानून




यस भागमा सम्पत्तिको स्वामित्व, भोगाधिकार र उपभोगसम्बन्धी, जग्गा आवाद, भोगचलन तथा दर्तासम्बन्धी, सरकारी, सार्वजनिक तथा सामुदायिक सम्पत्तिसम्बन्धी, गुठीसम्बन्धी, फलोपभोग र सुविधाभारसम्बन्धी, घरबहाल, दानबकस, सम्पत्तिको हस्तान्तरण तथा प्राप्तिसम्बन्धी, अचल सम्पत्तिको बन्धकी, हकसफासम्बन्धी, लिखत पारित र लेनदेन व्यवहारसम्बन्धी व्यवस्थाहरू समेटिएका छन्।

### भाग ५: करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था




यस भागमा करार, करार सम्पन्न गर्ने व्यवस्था, करारीय दायित्व, करारको परिपालना, करारको उल्लंघन र उपचार, करारका प्रकार, अप्रत्यक्ष वा अर्धकरार, ज्यालामजुरीसम्बन्धी व्यवस्था, अनुचित संवृद्धि (अनजष्ट इन्रिचमेन्ट), दुष्कृति (टर्टस), त्रुटिपूर्ण उत्पादनवापतको दायित्वसम्बन्धी प्रावधानहरू समेटिएका छन्।



### भाग ६: निजी अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था

यस भागमा नेपाली र विदेशी नागरिकबिचका सम्बन्ध, व्यवहार र विवाद (जस्तै विवाह, सम्बन्धविच्छेद, करार, इत्यादि)का सन्दर्भमा बहुराष्ट्रिय सम्बन्ध जोडिँदा कस्ताकस्ता कानूनको प्रयोग गर्ने भन्ने कुराको व्यवस्था गरिएको छ।